# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं फागुन २५ गते २०३६ साल [ अतिरिक्ताङ्क ६१

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्रीलंकाको राजकीय भ्रमण र सिंगापुर, बर्मा र बङ्गलादेशको अनौपचारिक तथा भारतको केही दिनको औपचारिक भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा २०३६ साल फागुन २५ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

श्रीलंका, सिंगापुर, बर्मा, बङ्गलादेश तथा भारतको भ्रमणपछि हाम्रा यी मित्रराष्ट्रहरूले दर्शाएका मित्रता तथा सद्भावनाका सुमधुर संझना बोकेर आज स्वदेश फर्किंदा हामीलाई खुशी लागेको छ ।

एशियाको यस भेगमा यता केही समयदेखि घटेका घटनाक्रमहरूमाथि विचार गरी हेर्दा यस घडीमा छरछिमेकका केही असंलग्न देशहरूसित कुराकानी गर्नु स्वदेश हितको दृष्टिकोणले सामयिक र आवश्यक देखेकोले हामीले वर्तमान भ्रमण गरेका हौं । शान्तिको खोजीमा भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यो यात्रा नेपालको निम्ति महत्वपूर्ण भएको जस्तो लाग्छ। नेपाललाई शान्तिक्षेत्र बनाउने हामी नेपालीको आकांक्षा अनुकूल विभिन्न मित्रराष्ट्रहरूबाट क्रमिक रूपमा पाएको समर्थनले हाम्रो हौसला बढेको छ । यस यात्रामा विभिन्न राष्ट्राध्यक्ष र मित्रजनहरूसंगको कुराकानीबाट हामी लाभान्वित भएका छौं। देश विदेशमा घट्दै गइरहेका घटनाहरूमाथि मनन गर्दा यतिखेर एकमात्र नेपाल र नेपाली जनताको हितलाई सर्वोपरि राखी सतर्कता र बुद्धिमतापूर्ण तरीकाले हामी सबैले व्यवहार गर्नु पर्ने कुरा स्पष्ट भएको छ भने देशभित्र पनि एक नेपालीले अर्को नेपालीसित जुध्न नहुने तर प्रजातान्त्रिक मर्यादा अनुकूल लोकसम्मति अनुसार नै सबैले पाइला चाल्नु पर्ने आवश्यकता देखेको कुरा पनि म यहाँ बोध गराउन चाहन्छु। नेपाल रहोस्, नेपाली रहुन्, नेपाल फलोस्, नेपाली फुलून् सेवा र कर्तव्यको यही भावना लिएर हामी अग्रसर हुन सिकौं।

अन्तमा, हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा बहन गर्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह एवं देशको नीति नियम कानूनबमोजिम दैनिक शासन चलाई देशमा शान्ति सुव्यवस्था कायम राख्ने राजप्रतिनिधिपरिषद्लगायत मन्त्रिपरिषद्का सदस्यहरू, सबै राष्ट्रसेवक तथा देशवासीलाई हामी धन्यवाद दिन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

५५८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।